# आकाशवाणी समाचार- नेपाली
मितिः २३ मार्च २०२५
समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मूले आज छत्तीसगढ़ और ओडिशाको भ्रमण गर्नुहुनेछ। यस अवधि उनी रायपुरमा छत्तीसगढ विधानसभाको रजत जयन्ती समारोहमा सहभागी हुनेछन्।
२. भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले सन् २०२४ को सेप्टेम्बरमा चण्डीगढमा भएको बम हमलामा बब्बर खालसा इन्टरनेसनलका चार आतङ्ककारीलाई आरोपी बनाएको छ।
३. आज विश्व क्षयरोग दिवस हो।
४. नेपालको राजधानी काठमाडोस्थित भारतीय दुतावासमा 23 औ स्वर्ण जयन्ति छात्रावीत्री दिवस पालन गरिएको छ |
५. भारतले इंग्ल्याण्डमा जारी पुरुष र महिला कबड्डी विश्वकपको उपाधि जितेको छ।

## राष्ट्रपतिको भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मू आज छत्तीसगढ़ और ओडिशाको भ्रमण गर्नुहुनेछ। उनी रायपुरमा छत्तीसगढ विधानसभाको रजत जयन्ती समारोहमा सहभागी हुनेछन्। उडिसामा उनी नयाँगढमा भारतीय विश्वबाशु शबर समाजको स्थापना दिवस समारोहमा सहभागी हुनेछन्।

****** ० ******

## दिल्ली विधानसभा

दिल्ली विधानसभाको बजेट अधिवेशन आजदेखि सुरु भएर मार्च २८ सम्म चल्नेछ। आवश्यक परेमा अधिवेशन लम्ब्याउन सकिनेछ। दिल्ली यातायात निगमको कार्यप्रणाली सम्बन्धी महालेखा परीक्षकको प्रतिवेदन आज सदनमा पेश गरिने भएको छ। वित्तीय वर्ष 2025-26 को बजेट सदनमा भोलि प्रस्तुत गरिनेछ जसमा यस वर्षको निम्ति सरकारको वित्तीय प्राथमिकताहरु अनि विकास एजेंडाहरुको ब्योरा हुनेछ। अधिवेशनमा प्रमुख वित्तीय तथा नीतिगत विषयमा छलफल गरी निर्णय लिइनेछ। बुधबार वित्तीय आवंटन र नीतिगत पहलको विश्लेषण गर्न विस्तृत छलफल हुनेछ। प्रस्तावित बजेट बिहीबार सदनबाट पारित हुनेछ।

****** ० ******

## एनआईए – आतंकवादी

भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले सन् २०२४ को सेप्टेम्बरमा चण्डीगढमा भएको बम हमलामा बब्बर खालसा इन्टरनेसनलका चार आतङ्ककारीलाई आरोपी बनाएको छ। एजेन्सीले एक आधिकारिक बयानमा भनेको छ कि आरोपीहरूमा पाकिस्तानका आतंकवादी हरविन्दर सिंह संधु उर्फ रिन्दा र अमेरिकास्थित आतंकवादी हरप्रीत सिंह उर्फ ह्याप्पी पासी पनि छन्। चण्डीगढस्थित एनआईएको विशेष अदालतमा आरोपपत्र दायर गरिएको थियो। पक्राउ परेका चारै जनाविरुद्ध गैरकानुनी गतिविधि ऐन, युएपीए, विस्फोटक पदार्थ ऐन र आक्रमणका लागि सहयोग र षडयन्त्रमा संलग्न रहेको आरोप लगाइएको छ। एनआईएले एक विज्ञप्ति जारी गर्दै दुई आतङ्ककारी रिन्दा र ह्याप्पी पासी आक्रमणको मुख्य षडयन्त्रकारी रहेको जनाएको छ। उनीहरूले भारतमा रहेका आतङ्ककारीहरूलाई लजिस्टिक सहायता, वित्त, हातहतियार र गोलाबारुद पनि प्रदान गरेका थिए। चण्डीगढ बम आक्रमणमा यिनीहरूको प्रयोग भएको थियो। सन् २०२४ को सेप्टेम्बरमा पञ्जाब प्रहरीका एक अवकाशप्राप्त

अधिकारीलाई लक्षित गरी आक्रमण गरिएको थियो । यस घटनाको अनुसन्धान भइरहेको छ र एनआईएले आतंकवादी संगठनका अन्य सदस्यहरूलाई पक्रन र भारतमा यसको सञ्जाल नष्ट गर्ने प्रयास गरिरहेको छ।

****** ० ******

## योगी त्योहार तयारी

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आफ्नो सरकारको आठ वर्षको कार्यकालमा सबै धर्म र समुदायले शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा चाडपर्व मनाएको बताएका छन् । आगामी दुई हप्तामा चैत्र नवरात्रि, रामनवमी र इदुल फित्र जस्ता महत्वपूर्ण चाडहरू मनाइन्छ। आगामी चाडबाडलाई मध्यनजर गर्दै मुख्यमन्त्रीले कानून र व्यवस्थालाई लिएर बैठक गरेका थिए। मुख्यमन्त्री योगी आदित्यनाथले अराजकता फैलाउनेलाई कडा कारबाही गरिने बताएका छन् । उनले भने, 'यो चाडवाड कानून व्यवस्थाको दृष्टिकोणले संवेदनशील समय हो । त्यसैले प्रशासन निरन्तर चनाखो हुनुपर्छ । दुराचारीले वक्तव्य जारी गर्दा शून्य सहनशीलताको नीतिलाई दृढतापूर्वक सामना गर्नुपर्छ । उनले धार्मिक गतिविधिका कारण सडक अवरुद्ध हुन नदिन अधिकारीहरुलाई निर्देशन दिए । संवेदनशील क्षेत्रको सीमांकन गरी थप पुलिसबल परिचालन गरिने भएको छ । उनले सामाजिक सञ्जालको अनुगमन गर्न, शान्ति समितिको बैठक बस्न र सद्भाव कायम गर्न मिडियाको सहयोग लिन पनि निर्देशन दिएका छन् ।

****** ० ******

## क्षयरोग दिवस

आज विश्व क्षयरोग दिवस हो। क्षयरोगको हानिकारक स्वास्थ्य, सामाजिक र आर्थिक असरबारे जनचेतना जगाउने र यसलाई विश्वव्यापी रूपमा उन्मूलन गर्ने प्रयासलाई तीव्रता दिन हरेक वर्ष मार्च २४ का दिन यो दिवस मनाइन्छ । सन् १९८२ मा डा. रोबर्ट कोचले क्षयरोगको जीवाणु पत्ता लगाएका थिए । उनको जन्मदिनको सम्झनामा मार्च २४ मा क्षयरोग दिवस मनाइन्छ । यस दिवसको यस वर्षको नारा रहेको छ "हो! हामी क्षयरोगको अन्त्य गर्न सक्छौं: प्रतिबद्धता, लगानी र परिणामी प्रयास' । यस विषयले क्षयरोग उन्मूलनका लागि जारी प्रयासहरूको समीक्षा गर्ने र स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा औषधि प्रतिरोधी क्षयरोगको बढ्दो खतराको सामना गर्न दृढतापूर्वक प्रतिबद्ध हुने अवसर प्रदान गर्दछ।

****** ० ******

## सरकार-एमएसएमई

सरकारले लघु, साना तथा मझौला उद्यमको वर्गीकरणका लागि कारोबार तथा लगानी मापदण्डमा महत्वपूर्ण संशोधन गरेको छ । यो संशोधन आगामी अप्रिल १ देखि लागू हुनेछ । २.५ करोड रुपैयाँसम्मको लगानी भएका लघु, साना तथा मझौला उद्यम (एमएसएमई) लाई अब माइक्रो इन्टरप्राइजेजको रूपमा वर्गीकृत गरिनेछ । यसअघि यसका लागि लगानीको सीमा एक करोड रुपैयाँ थियो । यस्तै कारोबार को सीमा पनि पाँच करोडरुपैयाँबाट बढाएर १० करोड रुपैयाँ पुर्याइएको छ । रु २५ करोडसम्म लगानी भएका एकाइलाई साना उद्यम वर्गमा राखिएको छ । यसअघि यसका लागि लगानीको सीमा १० करोड रुपैयाँ थियो । यी उद्यमहरूको कारोबार सीमा ५० करोडबाट दोब्बर गरी १०० करोड रुपैयाँ पुर्याइएको छ । १२५ करोड रुपैयाँसम्मको लगानी भएका सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) लाई अब मझौला उद्यमको रूपमा वर्गीकृत गरिनेछ । यसअघि लगानीको सीमा ५० करोड रुपैयाँ थियो । मझौला उद्यमका लागि कारोबारको सीमा दोब्बर गरी ५०० करोड रुपैयाँ पुर्याइएको छ । बजेट भाषणको क्रममा वित्त मन्त्री निर्मला सीतारमणले यी उद्यमहरूको लागि नयाँ वर्गीकरण मापदण्डहरूको घोषणा गरेकी थिइन् जसमा लगानी र कारोबारको सीमा क्रमशः २.५ गुणा र दोब्बर बनाइएको थियो।

****** ० ******

## नेपाल छात्रवृत्ति दिवस

नेपालको राजधानी काठमाडौंस्थित भारतीय दूतावासमा २३ औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस मनाइयो। यसमा नेपालका लगभग २०० विद्यार्थीहरूले भाग लिएका थिए। यो सन् २००२ मा भारत-नेपाल आर्थिक सहयोगको ५० वर्ष पूरा भएको उपलक्ष्यमा सुरु गरिएको थियो। पछिल्ला केही वर्षहरूमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको संख्या २००

पुगेको छ। नेपालका ७७ वटै जिल्लाका साढे तीन हजारभन्दा बढी विद्यार्थीहरूले यस छात्रवृत्तिको लाभ उठाएका छन्। हाल लाभार्थी विद्यार्थीहरूमध्ये एक तिहाइ छात्राहरू छन्। यस वर्ष तीन जना अपाङ्गता भएका विद्यार्थीहरू पनि छात्रवृत्तिका लागि छनोट भएका छन्। यस अवसरमा आयोजित कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले विद्यार्थीहरूलाई उत्कृष्ट प्रदर्शन गर्न प्रोत्साहित गर्नुभयो।। उहाँले नेपालमा भारतको सहयोगी पहलहरूको पनि उल्लेख गर्नुभयो।

****** ० ******

**<u>एम्नेस्टी बलोच कार्यकर्ताहरू</u>**

एम्नेस्टी इन्टरनेशनलको दक्षिण एसिया क्षेत्रीय कार्यालयले आज पाकिस्तानी अधिकारीहरूलाई पक्राउ परेका बलुच कार्यकर्ता मेहराङ बलोच र शान्तिपूर्ण विरोध प्रदर्शनमा संलग्न सबैलाई तुरुन्तै रिहा गर्न आह्वान गरेको छ। मेहराङ बलोच ३८ घण्टाभन्दा अधिक समयदेखि अवैध हिरासतमा छन् र उनलाई उनका वकिल र परिवारलाई भेट्न दिइएको छैन। एम्नेस्टी इन्टरनेशनलले सामाजिक सञ्जाल मार्फत रिपोर्ट गरेको छ कि मेहरांग बलोचलाई अवैध रूपमा हिरासतमा राखिएको ३८ घण्टाभन्दा अधिक समय बितिसक्दा पनि उनलाई अझै पनि उनका वकिल र परिवारलाई भेट्न अनुमति दिइएको छैन। बलुचिस्तान प्रान्तमा निरन्तर मनमानी गिरफ्तारी र नजरबन्दका रिपोर्टहरू पनि चिन्ताजनक छन्। एम्नेस्टी इन्टरनेशनलले पाकिस्तानी अधिकारीहरूले शान्तिपूर्ण विरोधको अधिकार प्रयोग गरेकोमा पक्राउ परेका मेहराङ बलोच र अन्य सबैलाई तुरुन्तै रिहा गर्नुपर्ने र झूटा मुद्दाहरू प्रयोग गरेर बलोच कार्यकर्ताहरूको गैरकानूनी थुनामा राख्ने कार्य रोक्नुपर्ने बताएको छ।

****** ० ******

**<u>जेलेन्स्की सैन्य बैठक</u>**

युक्रेनी राष्ट्रपति भ्लादिमीर जेलेन्स्कीले आज खार्किभमा सैन्य मन्त्रिपरिषद्को बैठक आयोजना गर्नुभयो। बैठकमा अग्रपंक्तिको अवस्था र साउदी अरेबियामा अमेरिकासँग हुने बैठकको तयारीबारे छलफल गरिएको थियो। युक्रेनी सेनाका कमाण्डर-इन-चीफ ओलेक्जान्डर सिर्स्की, रक्षामन्त्री रुस्तम उमरोभ र युक्रेनको सशस्त्र बलका जनरल स्टाफका प्रमुख एन्ड्री ह्नाटोभले जेलेन्स्कीलाई वर्तमान अवस्थाको बारेमा जानकारी गराएका थिए। राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री येर्माक पनि बैठकमा उपस्थित थिए। जेलेन्स्कीले भन्नुभयो कि उनीहरूले जापोरिझिया, डोनेट्स्क, खार्किभ र सुमीमा अग्रपंक्तिको अवस्था र विकासका साथै कुर्स्क क्षेत्रमा जारी अपरेशनको बारेमा छलफल गरे। साउदी अरेबियामा भोलि हुने युक्रेन र अमेरिकाका प्रतिनिधिमण्डलबीचको बैठकको तयारीबारे पनि छलफल भएको थियो।

****** ० ******

**<u>कबड्डी विश्व कप</u>**

भारतले इंग्ल्याण्डमा जारी पुरुष र महिला कबड्डी विश्वकपको उपाधि जितेको छ। पुरुष टोलीले फाइनलमा इंग्ल्यान्डलाई ४४–४१ ले हराएको थियो। यसअघि फाइनलमा पनि भारतीय महिला टोलीले इंग्ल्यान्डलाई ५७–३४ अंकले पराजित गरेको थियो। एसिया बाहिर पहिलो पटक इङ्ल्यान्डको वेस्ट मिडल्यान्ड्समा शीर्ष कबड्डी टोलीको सहभागितामा प्रतियोगिता आयोजना गरिएको थियो। भारतले सन् २०१९ मा मलेसियामा भएको उद्घाटन प्रतियोगितामा पुरुष र महिला कबड्डी विश्वकपको उपाधि जितेको थियो।

****** ० ******